# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या : ५ कार्तिक १७, २०७९

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-०७-१७ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।०७।१७ गतेको पाँचौ कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडीको निर्णयहरुको समीक्षा सम्बन्धमा

२. प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनको आचार संहिता पालना सम्बन्धमा

३. प्रभावकारी सेवा प्रवाह सम्बन्धमा

४. मतदाता शिक्षा स्वयंसेवकको पारिश्रमीक सम्बन्धमा

५. रकम भुक्तानी सम्बन्धमा

६. अन्य विविध

**मिति २०७९।०७।१७ गतेको पाँचौ कार्यपालिकाको बैठकको निर्णयहरु**

| निर्णय नं. | निर्णय |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनको आचार संहितालाई पूर्ण रुपमा पालना गरी विश्वसनीय निर्वाचन सम्पन्न गर्न आ–आफ्नो तर्फबाट आवश्यक कार्य सम्पादन गर्ने । |
| ३. | गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँपालिका अन्तर्गतका इकाईहरुबाट प्रभावकारी रुपमा सेवा प्रवाह भए नभएको विषयमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत एवं कार्यपालिका सदस्यहरुले सुक्ष्म अनुगमन गरी आवश्यक निर्देशन दिने । |
| ४. | प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि मतदाता शिक्षा स्वयंसेवकहरुलाई वडाको जनसंख्या  भुगोलको आधारमा प्रभावकारी रुपमा खटाउने र खटिएका स्वयंसेवकहरुलाई निर्वाचन आयोगको निर्देशन बमोजिम गाउँपालिकाको कुनै शिर्षकबाट पारीश्रमीक रकम उपलब्ध गराउने । |
| ५. | गुल्मीदरबार गाउँपालिकामा जिल्लाबाट आउनु हुने प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकाय, जिल्ला समन्वय प्रमुख लगायतका पदाधिकारी, जिल्लास्थित पालिकाका पदाधिकारीहरु तथा जिल्ला बाहिरका पालिकाका पदाधिकारी,  संघ तथा प्रदेशका माननीयज्यहरु लगायतबाट कार्यालय अनुगमन, भेटघाट, असल अभ्यास आदान प्रदान,कार्यपालिका बैठक, विभिन्न विषयगत समितिका बैठकहरु लगायतका कार्यहरुमा खाजा नास्ता वापत खर्च भएको रकम रु. २ लाख ५१ हजार २६० रुपैया अतिथि रेष्टुरेन्ट एण्ड गेष्ठ हाउसलाई भुक्तानी गर्ने । |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग तथा विभिन्न निकायहरुबाट प्राप्त निर्देशन तथा परिपत्रहरु बैठकमा प्रस्तुत भई छलफल भयो । परिपत्र तथा निर्देशन अनुसार कार्य सम्पादन गर्ने गराउने । |